*नेपाल सरकार विभागीय मन्त्रीस्तरबाट मिति २०६९।९।२२ मा स्वीकृत*

# जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९

## 1. प्रस्तावना

स्थानीय स्तरमा जनपरिचालनमा आधारित श्रममूलक विकास कार्यक्रमहरु संचालन गर्नको लागि समुदायको अग्रसरता र लागत सहभागितालाई प्रोत्साहन गर्ने गरी अधिकतम श्रममूलक कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसै सन्दर्भमा सबै जिल्लामा स्थानीय जनसहभागिता र जनश्रमको परिचालन गरी स्थानीय आवश्यकतामा आधारित विकासका विभिन्न आयोजनाहरु कार्यान्वयन गर्न यो जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९ तयार गरिएको छ ।

## 2. कार्यक्रमको उद्देश्य

स्थानीय तहको स्रोत साधनको अधिकतम परिचालनबाट स्थानीय माग, आवश्यकता र प्राथमिकताका अत्यावश्यक स्थानीय पूर्वाधारको विकास गरी त्यसको लाभ स्थानीय जनतालाई पुऱ्याउने र त्यसबाट समुदायको सशक्तिकरण भई आय आर्जन, रोजगारीका अवसरहरुको वृद्धि, तथा सामाजिक पूर्वाधारहरुको निर्माणद्वारा स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याई गरिवी न्यूनीकरण गर्ने राष्ट्रिय उद्देश्यमा सहयोग पुऱ्याउनु यस कार्यक्रमको मूलभुत उद्देश्य रहेको छ ।

## 3. कार्यक्रमले समेट्ने क्षेत्र

जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९ को प्रावधान बमोजिम नेपालका सबै जिल्ला र नगरपालिकामा यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

## 4. बजेटको स्रोत

यो कार्यक्रमसंचालनको लागि देहायका स्रोतबाट बजेट व्यवस्था हुनेछ ।

(क) सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्रालय अन्तर्गत जनसहभागितामा आधारित विकास कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०६९।७० मा नेपाल सरकारको स्रोतबाट विनियोजित बजेट ।

(ख) यस मार्गदर्शन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गरी अन्य मन्त्रालय/निकायबाट रकमान्तर भै प्राप्त हुने बजेट ।

(ग) अर्थ मन्त्रालयबाट यस मार्गदर्शन बमोजिम योजना छनोट र कार्यान्वयन गर्ने गरी समय समयमा प्राप्त हुने थप बजेट ।

## 5. कार्यक्रममा समावेश हुन सक्ने विषयगत आयोजनाहरु

यस मार्गदर्शन बमोजिम आयोजना संचालन गर्न देहायका विषयगत क्षेत्रसँग सम्बन्धित आयोजनाहरु छनोट गरिनेछ ।

(क) सिंचाई तथा नदी नियन्त्रण, गल्छी, पहिरो नियन्त्रणसँग सम्वन्धित आयोजना,

(ख) सडक तथा सडक संरचना निर्माण, सडक स्तरोन्नती, सडक कालो पत्रे, पक्की सडकपूल तथा कल्भर्ट, ढल निर्माण, एवं दुर्गम स्थानमा काठेपुल निर्माणसँग सम्वन्धित आयोजना,

(ग) खानेपानी तथा सरसफाईसँग सम्वन्धित साना पूर्वाधार निर्माणका आयोजना,

(घ) शैक्षिक विकाससँग सम्वन्धित विद्यालय, पुस्तकालय आदिको निर्माण आयोजना,

(ङ) धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, जिर्णोद्वार तथा नयाँ निर्माण आयोजना,

(च) सार्वजनिक जमिन संरक्षण हरियाली क्षेत्र र पार्क निर्माण सम्बन्धी आयोजना,

(छ) स्वास्थ्य चौकी, सामुदायिक भवन, प्रसुती भवन, कृषि उपज संकलन केन्द्र, हाट बजार व्यवस्था, वृद्धाश्रम निर्माण सम्बन्धी आयोजना,

(ज) दफा नं. ७ बमोजिम गठित समितिले उपयुक्त ठानेका यस्तै प्रकृतिका सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य आयोजना तथा कार्यक्रमहरु,

## 6. आयोजनाहरुको माग सूची तयार गर्ने विधि

यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाको माग सूची देहायको आधारमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको योजना तथा वैदेशिक सहयोग समन्वय शाखाले गर्नेछ ।

(क) स्थानीय निकायहरुबाट केन्द्रसँग माग गर्ने भनी परिषद्बाट भएको निर्णय अनुसारका आयोजनाहरु,

(ख) स्थानीय निकायको निर्णय तथा सिफारिश बमोजिम विभिन्न समयमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माग भई आएका आयोजनाहरु,

(ग) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा विभिन्न संघ संस्था तथा निकायबाट माग गरि पठाएका आयोजनाहरु,

(घ) राष्ट्रिय योजना आयोग, मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, अर्थ मन्त्रालय, विषयगत मन्त्रालयहरु तथा अन्य मन्त्रालय एवं केन्द्रिय तहका निकायबाट सिफारिस भई आएका स्थानीय निकायको कार्य क्षेत्र भित्र पर्ने आयोजनाहरु,

(ङ) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट भएको अनुगमनको सिलसिलामा प्राप्त निवदेन माग तथा अनुगमन प्रतिवेदन मार्फत प्राप्त आयोजनाहरु,

(च) अन्य तरिकाबाट माग गएिका आयोजनाहरु,

## 7. आयोजना छनोट र नीतिगत निर्देशिनको व्यवस्था

७.१ आयोजना छनोट, बजेट विनियोजन र नीतिगत मार्गदर्शन गर्ने कार्य देहाय बमोजिमको समितिले गर्नेछ :

(क) मन्त्री, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय -सदस्य

(ग) सहसचिव, योजना तथा वै.स.स. महाशाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग -सदस्य

(ङ) प्रतिनिधि ,अर्थ मन्त्रालय -सदस्य

(च) महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग -सदस्य

(छ) प्रमुख, योजना तथा वै.स.स. शाखा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय -सदस्यसचिव

७.२ समितिले आयोजना स्वीकृत गर्दा दफा नं. ६ बमोजिम प्राप्त सूचीको आधारमा देहाय बमोजिम प्राथमिकिकरण गरी छनोट गर्नेछ :

(क) अधिकतम रोजगारी सृजना हुने श्रममूलक कार्यक्रम,

(ख) उत्पादन कार्यमा सहयोग पुऱ्याउने कार्यक्रम,

(ग) स्थानीय स्रोत, सीप र प्रविधिको प्रयोग हुने कार्यक्रम,

(घ) विनियोजित बजेटले भ्याउने र चालु आर्थिक वर्षभित्रै सम्पन्न हुन सक्ने खालका आयोजनाहरु,

(ङ) ठोस भौतिक संरचना निर्माण भई दिगोपना कायम हुने आयोजनाहरु,

(च) बढी जनसंख्या लाभान्वित हुने कार्यक्रम,

(छ) गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने आयोजना,

(ज) यस मार्गदर्शन बमोजिम समितिले उपयुक्त ठानेका अन्य आधारहरु,

७.३ यस मार्गदर्शन अनुसार संचालन गरिने स्थानीय स्तरका आयोजनाहरुको कार्यान्वयन गाविसमा भए सम्बन्धित जिल्ला विकास समिति र नगरपालिकामा भए सम्बन्धित नगरपालिकाबाट हुनेछ ।

७.४ स्वीकृत आयोजना कार्यान्वयनमा कुनै संशोधन वा बाधा अडकाउ परेमा सो फुकाउन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका, गाविस, उपभोक्ता समिति र सम्बद्ध पक्षको कर्तव्य हुनेछ ।

## 8. आयोजना कार्यान्वयन गर्ने तरिका

८.१ सम्बन्धित जिल्ला विकास समिति वा नगरपालिकाले आयोजनाको नाम र विनियोजित बजेटको अख्तियारी प्राप्त गरेपछि स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४, स्थानीय निकायहरुको अनुदान संचालन कार्यविधि, उपभोक्ता

समितिको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मार्गदर्शन तथा अन्य प्रचलित कानून बमोजिम उपभोक्ता समिति गठन गरी उक्त उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

८.२ आयोजनामा स्थानीय जनताले व्यहोर्नु पर्ने जनश्रमदानको अंश अनिवार्य रुपमा व्यहोर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८.३ कुनै उपभोक्ता समितिले तोकिएको समय र प्रक्रिया बमोजिम आयोजना कार्यान्वयन नगरेमा वा जिल्ला विकास समिति र नगरपालिकाले दिएको निर्देशनको पालना नगरेमा वा विवाद भएमा वा कुनै कारणबश उपभोक्ता समितिले आयोजना कार्यान्वयन गर्न सक्दैन भन्ने जिल्ला विकास समिति र नगरपालिकालाई लागेमा कारण जनाई जिल्ला विकास समिति र नगरपालिकाले आयोजना रद्द गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाउने छ । यसरी लेखी आए अनुसार समितिले आवश्यक निर्णय लिई सो को जानकारी सम्बन्धित निकायलाई दिनेछ ।

८.४ पारदर्शिताका लागि आयोजना सम्बन्धी विवरण सम्बन्धित जिल्ला विकास समिति र नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ र उत्कृष्ट काम गर्ने उपभोक्ता समितिको पहिचान गरी प्रचार प्रसार गर्नुपर्नेछ ।

८.५ उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ । उपभोक्ता समितिले सञ्चालन गर्ने गरी सम्झौता भएको कार्यक्रम वा आयोजना उपभोक्ता समिति स्वयम्ले कार्यान्वयन नगरी निर्माण व्यवसायी, सब-कन्ट्रयाक्टबाट कार्यान्वयन गराएमा वा उपभोक्ता समितिले आफुले प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित निकायले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरु वा त्यस्तो कार्यमा संलग्न कर्मचारीबाट दामाशाहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ । यस्तो कार्यमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

८.६ उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सचिवको हुनेछ । लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८.७ यस मार्गदर्शन बमोजिम संचालन हुने आयोजना तथा कार्यक्रमको प्राविधिक सहयोग जिल्ला प्राविधिक कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ । जिल्ला प्राविधिक कार्यालयमा प्राविधिक जनशक्तिको कारण प्राविधिक सहयोग उपलब्ध हुन नसकेमा जिल्ला प्राविधिक कार्यालयको सिफारिसमा जिल्ला विकास समितिले निर्णय गरी आवश्यक प्राविधिक व्यवस्था गर्न सक्नेछ ।

८.८ भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८.९ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अख्तियारी प्राप्त भएको एक महिना भित्रमा योजना सम्झौता गरी कार्यान्वनय प्रक्रिया प्रारम्भ गरिसक्नु पर्नेछ ।

८.१० आयोजनाको सम्झौता गर्दा २०७० साल जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी गर्नुपर्नेछ ।

## 9. रकम प्रवाह, लेखा र लेखा परिक्षण

जिल्ला विकास समिति र नगरपालिकाबाट कार्यान्वयन हुने आयोजनाको रकमको प्रवाह, खर्च, लेखा र लेखापरिक्षणको जिम्मेवारी देहाय वमोजिम हुनेछ :

९.१ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिल्लागत तथा नगरपालिकागत आयोजनाको विवरण, सोका लागि विनियोजित रकम, र आयोजनाको लागि व्यहोर्नु पर्ने जनसहभागिताको अंश समेत खुलाई अख्तियारी उपलब्ध गराईनेछ । यसरी प्राप्त रकमको चौमासिक रकम कार्य सञ्चालन गर्न सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जिल्ला विकास समिति र नगरपालिकाले निकासा प्राप्त गर्नेछ । यसरी रकम निकासा माग गर्दा स्वीकृत योजनाको विवरण सहितको माग फाराम कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

९.२ कार्यक्रमको स्वीकृत रकम जिल्ला विकास कोष/नगरपालिका कोषमा आम्दानी जनाउनु पर्नेछ ।

९.३ जिल्ला विकास कोष/नगरपालिका कोषबाट कार्य संचालन खातामा ट्रान्सफर गरी सो खाताबाट बाट उपभोक्ता समितिलाई निकासा दिनुपर्नेछ । कार्य सुरु गर्न आयोजनाको प्रकृया अनुसार कार्यतालिका बमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को अधीनमा रही पेश्की दिन सकिनेछ ।

९.४ जिल्ला विकास समिति/नगरपालिकाले प्राविधिक मूल्यांकन, उपभोक्ता समिति/ समूहबाट गरिएको निर्णय र अनुगमन प्रतिवेदनका आधारमा रकम भुक्तानी दिनुपर्नेछ ।

९.५ यस मार्गदर्शन बमोजिम सञ्चालित आयोजनको कामको गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धीत प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

९.६ जिल्ला विकास समिति/नगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र (आर्थिक प्रशासन) नियमावली, २०६४ र मार्गदर्शन बमोजिम आन्तरिक एवं अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

९.७ खर्च नभएको रकम आर्थिक वर्षको अन्तमा फ्रिज हुनेछ ।

## 10. अनुगमन, मूल्यांकन, समिक्षा र प्रतिवेदन

१०.१ सम्बन्धित जिल्ला विकास समिति/नगरपालिकाले आयोजनाको कार्यतालिका बनाई नियमित अनुगमन गर्नु पर्नेछ ।

१०.२ आयोजनाको अनुगमन गर्ने कममा तत्काल सुधार वा सच्याउनु पर्ने विषय भएमा जिल्ला विकास समिति/नगरपालिका ले सम्बन्धित उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

१०.३ आयोजनाका लाभग्राहीको खण्डीकृत तथ्यांक (महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, अपाङ्ग आदि) सहित भौतिक एवं आर्थिक उपलब्धि सूचक सहितको आयोजनाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन जिल्ला विकास समिति/नगरपालिकाले प्रत्येक चौमासिक अवधि र आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०.४ यस कार्याक्रम अन्तर्गत संचालन भएका आयोजनाहरु जिल्ला विकास समितिले आयोजना गर्ने चौमासिक तथा वार्षिक समिक्षा कार्यक्रममा समिक्षा गर्नुपर्नेछ ।

१०.५ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवश्यकता अनुसार संचालित कार्यक्रमको नियमित तथा आकस्मिक अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

## 11. सार्वजनिक परिक्षण

सम्बन्धित उपभोक्ता समितिले सार्वजनिक परिक्षण मार्गदर्शन, २०६७ बमोजिम सार्बजनिक परीक्षण गराउनुपर्नेछ । उक्त परीक्षणमा समय, लागत, परिमाण गुणस्तर र नतिजाबारे समीक्षा गर्नुपर्नेछ र लाभग्राही जनताको सम्पूर्ण प्रक्रियाको अनुमोदन गरेको हुनुपर्नेछ । आयोजनाको अन्तिम भुक्तानी लिनुपूर्व सार्बजनिक परीक्षण प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

## 12. जाँच पास फरफारक र हस्तान्तरण

यस कार्यक्रम अन्तर्गत स्थानीय निकाय मार्फत् सञ्चालित आयोजनाहरुको जाँचपास तथा फरफारक स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमवाली, २०५६ तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम हुनेछ ।

## 13. मर्मत सम्भार र दीगो सञ्चालन

उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्य सम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेछ । यसरी हस्तान्तरण भएका आयोजनाको सम्बन्धित स्थानीय निकायसँग समन्वय गरी उपभोक्ता समितिले सेवाशुल्क लिन र सो को नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्नुपर्नेछ । यसको लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना संचालन मार्गदर्शन तयार गरी सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत गरी लागू गर्नुपर्नेछ ।

## 14. थप दायित्व सिर्जना गर्न नहुने

यो कार्यक्रम सालवसाली रुपमा संचालन हुने कार्यक्रम नभएकाले स्वीकृत बजेटमा थप दायित्व सृजना गर्न पाइने छैन । थप दायित्व सिर्जना हुनगएमा दायित्व सिर्जना गर्ने पदाधिकारी/व्यक्तिबाट असुल उपर गरिनेछ । साथै चालु आर्थिक वर्षको आयोजना अर्को आर्थिक वर्षमा कार्यान्वयन र बजेट खर्च गर्न पाइने छैन ।

## 15. प्रचलित कानूनको पालना गर्नु पर्ने

प्रस्तुत कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।